म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २७२ बुधवार २८ बैशाख २०७९ दशमी ने. सं. ११४२ बछलाथ्व 11 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## छुरा प्रहार गर्नेलाई पुर्पक्ष थुनामा पठाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ हेटौंडा-१५ को अनिसा राईमाथि छुरा प्रहार गर्नेलाई जिल्ला अदालत मकवानपुरले पुर्पक्षको लागि थुनामा पठाएको छ ।

अदालतले राईमाथि छुरा प्रहार गर्ने हेटौंडा-२ का सिर्जन यादवलाई पुर्पक्षको लागि थुनामा पठाएको हो । जिल्ला अदालत मकवानपुरका न्यायाधीश कमलराज विष्टको इजलासले यादवलाई पुर्पक्षका लागि थुनामा पठाएको नायव सुब्बा विनोद ढकालले जानकारी दिए ।

यादवविरुद्ध ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दा दर्ता भएको थियो । यादवले गत चैत ११ गते हेटौंडा-८ कमानेमा राईमाथि छुरा प्रहार गरेका थिए ।

# आजदेखि मौन अवधि सुरु, के-के गर्न पाइँदैन ?

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ स्थानीय तह निर्वाचनका लागि आज बुधबारदेखि मौन अवधि सुरु भएको छ । २७ गतेसम्म निर्वाचन प्रचार प्रसार गर्ने समय समाप्त भएसँगै आजदेखि मौन अवधि सुरु भएको हो ।

निर्वाचन आयोगले मतदान हुनु ४८ घण्टा अघिदेखि मौन अवधि तोकेको हो । पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष र सदस्य चुन्न ३० वैशाखमा देशभर मतदान हुँदैछ । ३० वैशाख शुक्रबार बिहान ७ बजेदेखि अपराहन्न ५ बजेसम्म मतदान हुनेछ ।

उम्मेदवारहरु मतदाताको घरघर पुगेका छन् । उम्मेदवारहरुको योजना र प्रतिबद्धताअनुसार निर्वाचन प्रचारप्रसार सक्किएपछि मतदातालाई आफ्नो धारणा तय गर्न मौन अवधि दिने गरिन्छ । मतदान गर्ने समय अघिको दुई दिनलाई मतदाताको लागि धारणा बनाउने समय दिइएको निर्वाचन आयोगले जानकारी दिएको छ ।

मौन अवधि सुरु भएपछि अन्तर्राष्ट्रिय सीमा नाकाहरु बन्द गरिने आयोगले जनाएको छ । अत्यावश्यक परेको हकमा मात्रै अनुमति लिएर जान आउन सकिने जनाइएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा १ मा 'निर्वाचन आचारसंहिता कार्यान्वयन र अनुगमन' सम्बन्धी व्यवस्था भएअनुसार 'मौन अवधिमा पालना गर्नुपर्ने आचरण' शीर्षकमा १८ बुँदे निर्देशन जारी गरिएको छ ।

मौन अवधिमा पनि दलहरु कानुन उल्लंघन गर्न सक्ने संकेत देखिएको छ । निर्वाचन प्रचार प्रसारका क्रममा सबै राजनीतिक दलबाट आचारसंहिता विपरितका




गतिविधि भएकाले मौन अवधिमा पनि कानुन उल्लंघन हुनसक्ने सम्भावना बढेको हो ।

मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लिरत्न श्रेष्ठले मौन अवधिमा कानुन विपरितका कार्य भए तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाइने जानकारी दिएका छन् । उनले निर्वाचन कार्यालय निर्वाचन गराउने निकाय भएको भन्दै निर्वाचन आचारसंहिता हेर्ने सुरक्षा निकायले कडाई गर्नुपर्ने बताए ।

**के गर्न पाईंदैन ?**

निर्वाचन आचारसंहिता अनुसार मतदानको ४८ घण्टा अघिदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुँदासम्मको अवधिमा प्रचारप्रसार पूर्णरुपमा बन्द गर्नु पर्नेछ ।

मौन अवधिमा दलगत प्रकारका अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन गर्न नहुने आचारसंहितामा उल्लेख गरिएको छ । मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान हुने स्थानको ३०० मिटर वरपर क्षेत्रमा प्रचार सामग्रीहरु पनि सम्बन्धित दलहरुले हटाउनुपर्ने आयोगले जानकारी दिएको छ ।

मतदाता प्रभावित गर्ने खालका कुनैपनि गतिविधि गर्न नपाइने निर्वाचन आयोग मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लिरत्न श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठले नाराबाजी, प्रचारसामग्री वितरण गर्न नपाइने बताए । मौन अवधिभित्र सामाजिक सञ्जालबाट पनि मत माग्न नपाइने उनले जानकारी दिए । मत माग्न धेरैलाई एकैपटक एसएमएस पठाउन सकिने सेवा प्रयोग गर्न नपाइने आयोगले जनाएको छ ।

आपतकालीन सेवा र अनुमति लिएका हकमाबाहेक मतदानको दिनमा सवारीसाधन सञ्चालन हुन नपाउने जनाइएको छ । साइकल भने चलाउन पाइने जनाइएको छ । मतदानको दिनमा उम्मेदवार वा तिनका प्रतिनिधिले मतदान केन्द्रमा निर्वाचन चिन्ह वा संकेत भएका लुगा वा ब्याज लगाउन नपाइने मुख्य निर्वाचन अधिकृत श्रेष्ठले *साझाकुरा*लाई जानकारी दिएका छन् । चुनाव चिन्ह झल्किने सांकेतिक पोसाक वा वस्तु लगाउन, बोक्न वा देखाउन नपाइने जनाइएको छ ।

३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि मकवानपुरका दश वटा स्थानीय तहमा एकहजार सातसय ७० जना निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत र सरकारी कर्मचारी खटिएका छन् । जिल्लास्थित दश स्थानीय तहका एकसय २ वटा वडामा रहेका तीनसय ६५ मतदान केन्द्रमा एकहजार आठसय जना कर्मचारी खटिएका हुन् ।

जिल्लाको विभिन्न अतिसंवेदनशील र संवेदनशील मतदान केन्द्रको छनौट गरी सशस्त्र प्रहरी, जनपथ प्रहरी सुरक्षाको लागि परिचालन गरिएको छ । मकवानपुरमा दुईलाख ९४ हजार नौसय १९ जना मतदाता छन् ।

## गढी-४ मा कांग्रेसको उम्मेदवारलाई जसपाको साथ

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ मकवानपुरगढी गाउँपालिका-४ नम्बरमा जसपाका वडाध्यक्षका उम्मेदवार रामबहादुर गोलेले कांग्रेसका उम्मेदवार देवनारायण लामिछानेलाई समर्थन गरेका छन् ।

जसपाबाट वडाध्यक्षमा उम्मेदबारी दर्ता गराएका गोलेले लामिछानेलाई समर्थन गरेका हुन् । उनले वडाको विकासको लागि कांग्रेसले नै जित्नुपर्छ भन्दै आफूले लामिछानेलाई समर्थन गरेको बताए । वडाको उपसभापति केशव तिमल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्र १ का संघीय सदस्य सन्तोष परियारको प्रमुख अतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका नवीन तिमल्सिनाले पनि लामिछानेलाई जिताउने अभियानमा सरिक भएका छन् । कार्यक्रममा अध्यक्ष पदका उम्मेदवार देवनारायण लामिछाने, वडा सदस्य पदका उम्मेदवारहरु तथा कार्यकर्ताहरुको उपस्थिति थियो ।

## संविधानको रक्षाका लागि गठबन्धन : डीना उपाध्याय



साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले संविधानको रक्षाका लागि गठबन्धन बनेको बताएकी छन् ।

वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको प्रचारप्रसारको अन्तिम दिन मंगलबार आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएकी हुन् । डीनाले विगतमा विशेष अबस्थामा दलहरुबीच गठबन्धन हुने गरेको बताउँदै लोकतन्त्र र गणतन्त्र स्थापना दलहरुबीचको गठबन्धनकै कारण सम्भव भएको बताइन् ।

उनले नेकपा एमालेबाट अबको विकास र परिवर्तन सम्भव नभएको बताइन् । मकवानपुरगढी गाउँपालिका वडा नं. ३ को सत्तागठबन्धनका निर्वाचन परिचालन समिति संयोजक शत्रुघन दुलालको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरगढी गाउँपालिकाका अध्यक्षका उम्मेदवार दोर्जे लामा स्याङ्तान र उपाध्यक्षकी उम्मेदवार मानकुमारी पाख्रिनले विकास आफूहरूको प्रमुख एजेन्डा भएको बताए ।





सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ
YADEA e-SCOOTERS






Offer
रू.१0,000/-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# निर्वाचन मौन अवधि

स्थानीय तहको निर्वाचनको मौन अवधि मंगलबार राति १२ बजेबाट सुरु भएको छ । जनताहरुले आफूले चाहेको जनप्रतिनिधि चुन्न मतदान सुरु हुनुभन्दा अघि ४८ घण्टासम्म मौन अवधि सुरु हुन्छ र मतदान नसकिएसम्म यो मौन अवधि कायम नै रहन्छ । मौन अवधि धाँधलीरहित, स्वच्छ, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न सकियोस् भनेर तोकिएको हो । यो मौन अवधिभर कुनैपनि दल, तिनका भ्रातृ संगठन, उम्मेदबार, संघ संगठनलगायतले राजनीतिक प्रचार, भेला/गोष्ठी आयोजना गर्न नपाउने उक्त समयमा निर्वाचन सम्बन्धी कुनैपनि गतिविधि गर्न रोक लगाइएको छ ।

आयोगले राजनीतिक दललाई निर्वाचनसम्बन्धी भेला, घर दैलो प्रचारप्रसार गर्नसमेत रोक लगाएको छ । यस्तै, रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइनलगायतका सञ्चारमाध्यममा पनि मौन अवधिमा कुनैपनि पार्टी र उम्मेदवारका सम्बन्धमा समाचार प्रकाशित गर्न नपाइने आयोगको आचारण निर्देशिकामा उल्लेख छ । निर्देशिकाविपरीत मौन अवधिमा मतदाता प्रभावित पार्ने गतिविधि गरे उम्मेदबारी रद्ददेखि १ लाख रुपियाँ जरिवानासम्मको कारबाही हुन सक्ने निर्वाचनसम्बन्धी कानुनमा उल्लेख छ । साथै मौन अवधिमा संचार माध्यमहरुले पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापन, टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न हुँदैन र निर्वाचनका बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने लेख, तस्वीर वा अन्य प्रकाशन छाप्न नहुने आचारसंहितामा उल्लेख छ । आचारसंहिता र निर्वाचनको मापदण्ड उल्लंघन गर्ने व्यक्तिलाई कारबाही हुनुपर्छ । यस अवधिमा विभिन्न खालका प्रलोभन देखाएर जनताको घर दैलोमा पोको पुन्तुरो बनाएर जनताहरुको इच्छा विपरीत खुसु खुसु पसेर जनतालाई अनावश्यक दु:ख दिने काम गर्नु हुँदैन । जनताहरुले पनि स्थानीय तहको चुनाव गोप्य मतदान हुने हुँदा कसैको प्रलोभनमा नपरी आफूले चाहेको जनप्रतिनिधि छान्न पाउनुपर्छ र अधिकार पनि हो । जनताहरुले पनि मेरो होइन हाम्रो र राम्रो जनप्रतिनीधि छान्नु पर्छ । कसैको करकापमा नपरी आफूले चाहेको जनप्रतिनिधि छान्नु पर्छ । मौन अवधिमा कुनैपनि व्यक्ति वा संस्थाले आचारसंहिता उल्लंघन गरेको पाइएमा तत्काल कारबाहीको दायरामा ल्याउनु पर्छ । यस अवधिमा निर्वाचन अधिकारीको मूख्य भूमिका हुन्छ ।

मौन अवधिमा मतदाता प्रभावित पार्ने दुष्प्रयास हुन सक्ने भन्दै आयोगले त्यसलाई रोक्न र त्यस्ता अपराधमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन सूचना संकलकका रूपमा 'सूक्ष्म अनुगमनकर्ता' खटाउनु पर्छ । कसैले मतदाता प्रभावित पार्न पैसा बाँड्नेलगायतका गतिविधि गरेको जानकारीमा आए आयोग, प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायलगायतलाई तत्काल खबर गर्नु हामी सबैको कर्तब्य हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २९ गते शुक्रबार १२ मे २०२२ । वैशाख कृष्ण एकादशी । वछलाथ्व एकादशी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : न्यायिक कार्यमा सफलता | तुला | : नवीन कार्ययोजनामा लगानी |
| वृष | : अहमपनले कार्यमा हानि | वृश्चिक | : अशुभ समाचार सुन्नुपर्ने |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : साझेदारी कार्यमा विवाद |
| कर्कट | : सहयोगीहरूले राम्रो साथ दिनेछन् | मकर | : कुरा काट्नेहरु सक्रियता |
| सिंह | : व्यापारमा विशेष फाइदा हुनेछ | कुम्भ | : दैनिक आयमा कमी |
| कन्या | : शत्रु सजिलै हराउन सकिनेछ | मीन | : मांगलिक कार्य सम्पादन |

# के छान्ने: चुनाव चिह्न कि नीति र चरित्र ?



सञ्जीव कार्की

हाम्रो सौन्दर्य चेतना विवेकमा आधारित नभएर चर्म चक्षुमा निर्भर छ । अन्त प्रज्ञाभन्दा चर्म चक्षुको फैसला ग्राह्य हुने परिपाटी बनेको देखिन्छ । सुन्दरताको मानक र परिभाषा मानवीय छैन । रङ्ग रोगनको आधारमा सुन्दर हुने, वस्त्र र आभूषणको बलमा सुन्दर देखिने जात र धर्म, सम्पन्न र विपन्न, भूगोल वासस्थानको आधारमा उच्च र नीच भनिने जुन अवधारणा छ, त्यसको कारण हामी मानवीय र वैज्ञानिक परिभाषा भन्दा टाढा छौं । आरम्भिक सौन्दर्य चेतना र आजमा भिन्नता हुन्छ । सामाजिक प्रक्रियाले कतिपय चेतनाको नव निर्माण गर्छ र कतिपय भत्काउँछ ।

आदिम काल र आजको चेत फरक छ परम्परागतरूपमा रहेका सौन्दर्यका दृष्टान्त र मान्यताभन्दा पृथक मान्यता वैज्ञानिक र मानवीय हुन्छ । रूप र आवरणमा देखिने कथित सुन्दरता र प्राज्ञिक बौद्धिक सुन्दरता भिन्न कुरा हुन् । बेग्लै सौन्दर्य चिन्तन हुन् । श्याम वर्णको हुनु नराम्रो हुनु होइन । श्वेत वर्णको हुनु राम्रो हुनु होइन । कालो र सेतो दुवैमा नराम्रो, राम्रो गुण हुन्छ । भौतिक उचाई, आवरणको आकर्षण वास्तविक सुन्दरता मापन गर्ने माध्यम होइनन् ।

सुन्दरता मान्छेको आनीबानी, चरित्र, आचरण अनुशासन र शैलीमा देखिनु पर्छ, रुपमा हैन । रुपवान देखिनु र रूपवती हुनुको सौन्दर्य मानक अब भत्किन लागेको छ । सौन्दर्य अब स्वभाव र शीलमा परीक्षण गरिन्छ । आचरण, व्यवहार र नैतिकतामा हेरिन्छ । शारीरिक सौन्दर्य भनेको स्वस्थ हुनु हो । स्वस्थ हुनु मानसिक रुपमा पनि त्यतिकै जरूरी छ, जति शारीरिक रूपको आकर्षण अर्थात् वाह्य आकर्षण क्षणिक र अस्थिर हुन्छ तर वैचारिक र वौद्धिक सैद्धान्तिक आकर्षण चिरकालको लागि रहन्छ ।

सौन्दर्यको मूल्य सामाजिक, राजनीतिक र परिवेशले निर्माण गरेको हुन्छ । सौन्दर्ययात्मक मूल्य पनि स्थीर नभई बदलिन्छ, यो समाजको ऐतिहासिकता अनुसार पृथक पृथक हुन्छ । सौन्दर्यको श्रोत मान्छेको आत्मा हो र मान्छे आफैले सौन्दर्यको सिर्जना गर्दछ भन्ने मान्यता प्रत्ययावादी चिन्तकहरू क्रोचे, जाँपाल सात्र लगायतको देखिन्छ । मान्छेले निर्माण गर्ने सौन्दर्यानूभूति अब बदलिनु पर्छ । तसर्थ हामीले अभ्यास गरेको राजनीतिमा पनि नवीन चेतना र सौन्दर्यको खोजी गर्नु जरुरी भएको छ । त्यसैले कुनै पार्टी विशेषको चिह्न नै प्रधान बन्ने स्थितिको अन्त्य गरेर पार्टीको नीति, कार्यकर्म र त्यसलाई संवहन गर्ने नेताको गुण, अवगुण र चरित्र मुल्यांकन गरेर मतदान किन नगर्ने ?

आकर्षण चुनाव चिह्नमा होइन, नीति सिद्धान्त कार्यक्रम विचार र त्यसको प्रवाह गर्ने नेतृत्व क्षमतामा हुनुपर्छ । पार्टीको चुनाव चिह्नको आधारमा लौरो उठाए पनि जित्छ भन्ने अवधारणालाई गलत सिद्ध गर्न पनि सचेत मतदाताले उमेदवार हेर्ने उसको शैली, जीवन चरित्र, निष्ठा, समाजप्रतिको समर्पण महत्वपूर्ण र मूल्यवान पक्ष हो । चिह्नको आधारमा चुनाव जित्ने र चिह्नको लागि आफैमा मारामार गर्ने लडने प्रवृतिको अन्त्य आजको आवश्यकता भएको छ ।

कुनै पनि छनौटमा विवेक प्रयोगको नमुना देखिनुपर्छ । चुनाव चिह्न नै सर्वेसर्वा होइन भन्ने कुरा कांग्रेस २०१५ सालमा चुनाव लड्दा उसको लागि रुख चिह्न पहिलोपल्ट प्राप्त गरेको र त्यसैमा दुई तिहाई मत ल्याएकोबाट स्पष्ट हुन्छ । त्यस्तै २०६४ को ऐतिहासिक संविधान सभाको चुनावमा पनि नेकपा माओवादीले प्रत्यक्षमा प्राप्त सिट चुनाव चिह्नको कारण नभएर ऊ प्रतिको आकर्षणको कारण सम्भव भएको हो । यदि चिह्न नै मूल विषय हुन्थ्यो भने २०१५ सालदेखि रुख चिह्न लिएको नेपाली कांग्रेस र २०४८ सालदेखि सूर्य चिह्न लिएको एमाले भन्दा गोलाकार भित्र हँसिया हथौडा चिह्नले किन सबैलाई आश्चर्य चकित हुने गरी चुनावी परिणाम हात लायो ? यसर्थ चुनावमा चिह्न भन्दा पार्टीको नीति र सो नीति अवलम्बन गर्ने पात्र व्यक्ति र चरित्र आकर्षक हुन्छ, हुनुपर्छ । तर सिक्काको अर्को पाटो पनि छ । चुनाव चिह्नभन्दा विचार र व्यक्तिको चरित्र छनौट गर्ने आम परिपाटी बसेको हुन्थ्यो भने २०४८ सालदेखि मादल चिह्नलाई सर्वस्व ठान्ने भक्तपुरका मादलवादीको सट्टा अर्को मान्छे र पार्टीले जित्ने सम्भावना पनि उत्तिकै रहन्थ्यो । त्यतिमात्र हैन, रुख चिह्न मार्फत २०४८ देखि डडेल्धुराबाट अनवरत विजयी बन्दै आएका शेरबहादुर देउवा प्रतिस्थापित बन्ने सम्भावनालाई पनि नकार्न सकिन्न ।

निश्चित चुनाव चिह्नले गर्दा आफ्नो पार्टीको चिह्न नै पूज्य देवता सम्झने मनोवृत्ति र परम्पराले गर्दा कतिपय नयाँ सम्भावना र सिर्जनात्मक क्षमतालाई निषेध गरेको देखिन्छ । पार्टी पुरानो र सो पार्टीको चिह्न पुरानो भएको कारण नूतन सम्भावनालाई छेक्ने रोक्ने तगारो भएको कारण प्रखर सम्भावना र बुलन्द क्षमता भएका व्यक्ति राज्यको नीति निर्माण तहमा, विकास निर्माण कार्यन्वयनको थलोमा पुग्न वन्चित भएको आजको टड्कारो अवस्था हो ।

चुनाव चिह्नको सिन्डिकेट र एकाधिकारको कारण सहभागिता मुलक लोकतन्त्रमा प्रत्यक्ष/परोक्ष घात भएको छ । नयाँ सम्भावना चिचिलोमै निमोठिएको छ । त्यसैले चुनाव चिह्नका बारेमा सरोकारवाला सबैले अब सोचेर आवश्यक सुधार गर्ने साहस गर्नु जरुरी छ । यो वर्णानुक्रम र कालक्रमिक हुनु आवश्यक हुन्छ । चुनाव चिह्न एक चुनावको लागि मात्र हुने वैज्ञानिक मापदण्ड निर्धारण गरिनु पर्छ ।

चुनाव चिह्नमा गरिने फजुल खर्च नियन्त्रण गर्न पनि स्थायी चुनाव चिह्न दिने व्यवस्था हटाउनु पर्छ । स्थायी चुनाव चिह्न हुँदा त्यस्तो चुनाव चिह्न सदाको लागि रहने हुँदा चुनाव चिह्न अत्यन्त आकर्षक निर्माण गर्ने पर्चा पम्प्लेट धेरै र पछिसम्मको लागि बनाउँदा अनावश्यक र अनुत्पादक क्षेत्रमा खर्च हुन्छ । तसर्थ स्थायी चुनाव चिह्न, चुनाव चिह्नमा रहेको मोह र सौन्दर्यचेत बदल्ने तर्फ आगामी बहस मोडिनु सान्दर्भिक देखिन्छ ।

दलहरूको चुनाव चिह्नको एकाधिकार र जबर्जस्ती रोक्न मात्रै सकियो भने पनि बहुदलीय व्यवस्थामा सिमित पार्टी सिन्डिकेट र एकाधिकार समाप्त भएर दलको नीति र उसले अख्तियार गर्ने सिद्धान्त अनि उसले दिएको उम्मेदवारको आधारमा चुनिने प्रबन्ध सहज सरल र सम्प्रेष्य बन्न सक्थ्यो । शासक बन्ने मानसिकता त्यागेर सेवक बन्न प्रतिबद्ध दल र सामाजिक रुपमा परीक्षित व्यक्ति नै जनताको छनौटमा पर्ने थिए । अनि पो जनतालाई पार्टीहरूले प्रशासन होइन सेवा र शासक होइन सेवक उपलब्ध गराउने थिए । विवेक र अन्त: प्रज्ञा भएको सौन्दर्य चेतना विकास गर्न सकियो भने समाज रुपवादी मात्रै भएर बस्दैन र पार्टीको चिह्नलाई मात्र आदर्श भनेर पुज्दैन । तीन पुस्ते कांग्रेस, तीन पुस्ते कम्युनिस्ट, हामी संधै राजावादी अथवा हामीले फलानो चिह्न बाहेक अन्यत्र भोट हालेको छैन जस्ता अभिव्यक्ति विज्ञान सम्मत र सामाजिक रुपान्तरणको लागि ग्राह्य विषय बन्न सक्दैन ।

समय र समाजको गतिशिलता त्यो चेत र अवधारणाले बोक्न सक्दैन । त्यसैले मतपत्रको चित्रमा होइन दल/उम्मेदवारको चरित्रमा, लघुतामा होइन व्यापकतामा, संकुचनमा होइन फैलावटमा समाज विकासको मार्ग सहज बन्छ । चुनाव चिह्नको एकाधिकारवादी हैकम तोड्न नयाँ भाष्य सिर्जना गरेर पब्लिक डिस्कोर्स चलाउन जति बिलम्ब गरियो त्यति नै नयाँ नयाँ सम्भावना र पात्रमाथि अत्याचार थोपरिने छ । चुनाव चिह्नभन्दा उम्मेदवारको चरित्र, आनिबानी, स्वभाव अनि दलको नीति, दृष्टिकोण, विकास योजना, उदेश्य र लक्ष्य जस्ता यावत सामाजिक चरित्र निर्णायक र अपरिहार्य हुनुपर्छ, तव मात्र सार्थक र गतिशील बन्छ प्रजातान्त्रिक प्रणाली । सही विचार, चिन्तन, आचरण, नैतिकता अनि सामाजिक निष्ठा र निरन्तरतामा खोजिने दर्शनको विकास समयको माग हो । त्यसैले चुनाव चिह्नमा होइन चरित्रमा, आवरणमा नभएर आचरणलाई प्राथमिकिकरण गरौं । विवेक र विचारको सौन्दर्यापान गर्ने वातावरण सिर्जना गर्न नवीन भाष्यलाई केन्द्रमा राखौं ।

कुनै पनि पार्टीको चुनाव चिह्नमा भन्दा उसको नीति राष्ट्रिय पोजिसन र त्यसलाई प्रवर्तन गर्ने नेताको व्यक्तित्व पारख गरेर निर्णयको लाहाछाप लगाउने नव संस्कृति सिर्जना गर्न लागिपरौं । चिह्न अस्थायी प्रयोजन मात्र हो, चरित्र स्थायी व्यवहार अतएव चरित्र प्रधान संस्कृति प्रवर्द्धनमा ध्यान पुर्‍यायौं । विवेक बन्धक राखेर होइन स्वतन्त्र भएर निर्णय गरौ । भाग्य र भविष्य बदल्ने मौकालाई क्षणिक स्वार्थको लोभमा बिक्रीवितरण गर्ने अवस्था सिर्जना हुन नदिन सचेततापूर्वक खबरदारी गर्नु सचेत र वौद्धिक नागरिकको कर्तव्य हो ।

*-साभार: रातोपाटी*

# हाम्रो एक भोटले समाज बदल्न सक्दछ



डा. रामचन्द्र लामिछाने

> “ तपाईं हाम्रो एक भोट उठेका उम्मेदवारमध्ये सबैभन्दा सक्षम उम्मेदवारलाई दिएर जिताउन सक्यौं भने हाम्रो प्रगति सुनिश्चित छ । त्यसकारण समुन्नत र प्रगतिशील भविष्य रोज्ने कि यथास्थिति वा पश्चगमनमा रमाउने रोजाइ हाम्रै हो । ”

निर्वाचन भनेको राजनीतिक व्यक्तिलाई जनताद्वारा मतदानको प्रक्रियाले छनोट गरी शासन गर्न वैधानिकता प्रदान गर्ने प्रक्रिया हो । यस प्रक्रियामा नागरिकहरूले आफूमा अन्तरनिहित सार्वभौमिकतालाई मतदानमार्फत निश्चित समयावधिको लागि जनप्रतिनिधिहरूलाई हस्तान्तरण गर्दछन् । यो समयावधि देशको कानुन अनुसार फरक-फरक हुन्छ ।

नेपालमा यो अवधि पाँच वर्षको तोकिएको छ । एक पटक मतदान गरेपछि पाँच वर्षसम्म हामीले मतदान गरेको व्यक्तिले जे जसरी शासन गरे पनि हामीले त्यसलाई भोग्नुपर्दछ । राम्रोसँग शासन गरेमा हाम्रो जीवन सहज हुन्छ तर नराम्रो गरेमा आगामी पाँच वर्ष निकै कष्टकर हुन्छन् । जुन उम्मेदवारलाई सबैभन्दा बढी नागरिकहरूले मतदान गरी आफ्नो सार्वभौमिकता हस्तान्तरण गर्दछन् तिनै व्यक्तिहरूले आगामी पाँच वर्षमा हाम्रा प्रतिनिधिहरूको रूपमा हामीमाथि शासन गर्दछन् ।

हाम्रो संविधानले हामीलाई सार्वभौम नागरिक भने पनि मतदानपछि त्यो सार्वभौमिकता जनप्रतिनिधिहरूमा सर्दछ र जनप्रतिनिधिहरूले बनाउने नियम कानुन, नीति तथा नियम, विकासका गतिविधि मान्नु र उनीहरूले मार्गनिर्देश गरे अनुसार चल्नु नै हाम्रो कर्तव्य र बाध्यता दुवै हुन्छ त्यसकारण एक मत हामीले कस्ता व्यक्तिलाई दान गर्दछौं भन्ने कुराले नै हाम्रो भाग्य र भविष्यलाई निर्धारण गर्दछ ।

हामी अहिले बहुदलीय प्रणालीमा छौं र यो व्यवस्था ल्याउन हाम्रा अग्रज र हामीले निकै ठूलो संघर्ष, बलिदान, त्याग र मिहिनेत गरेको कुरा हामी सबैलाई थाहा छ । बहुलता हाम्रो रोजाइ हो भने यो समाजको विशेषता पनि हो त्यसकारण हामी सबै एउटै राजनीतिक पार्टीमा हुन सक्दैनौं । हामीले राजनीतिक विविधतालाई सम्मानपूर्वक स्वीकारेको विषय हो ।

फरक फरक पार्टीका फरक विचार, दर्शन, सिद्धान्त र नीतिहरू हुनु स्वाभाविक हो र त्यसो भएमा मात्रै हाम्रो बहुदलीय व्यवस्था सबल र लोकतन्त्र सुदृढ हुन्छ । आवधिक निर्वाचन नै हाम्रो एक मात्रै नेतृत्व छनोट गर्ने आधार हो त्यसकारण यो निर्वाचनको महत्व निकै छ । राजनीतिक पार्टीहरू भनेका नागरिकका सुरक्षा कवच हुन् । सामाजिक थिचोमिचो, अन्याय, अत्याचार, कुशासन तथा भ्रष्टाचारका विरुद्ध लड्ने हतियार हुन् भने शोषित, पीडितहरूका सहारा अनि विकास तथा प्रगतिशील समाज निर्माणका सारथि हुन् । आफ्ना सिद्धान्त तथा नीतिहरूलाई सरकारका नीति तथा कार्यक्रम मार्फत व्यवहारमा लागु गरेर नागरिकहरूलाई परिवर्तनको अनुभूति गराएर नागरिकको मन जित्ने र आफ्नो पार्टीप्रति नागरिक आकर्षित गर्ने काम राजनीतिक पार्टीहरूको हो त्यसकारण राजनीतिक पार्टीहरूका सिद्धान्त नीति भन्दा पनि काम र व्यवहारलाई नागरिकहरूले मसिनोसँग नियालेर मूल्यांकन गर्नुपर्दछ ।

आफ्ना नीति तथा कार्यक्रमहरूलाई व्यवहारमा लागु गर्न सबै राजनीतिक पार्टीहरू र स्वतन्त्र उम्मेदवारहरूले घोषणापत्र सार्वजनिक गरेका छन् । सबैका घोषणापत्रहरू हेर्ने हो भने पालिकाहरूको काम, कर्तव्य र अधिकार क्षेत्र भन्दा निकै बाहिर गएर सस्तो लोकप्रियताका लागि प्रतिबद्धता व्यक्त गरको देखिन्छ भने प्राय: सबै पार्टीहरूले अनुत्पादक क्षेत्रलाई नागरिक आकर्षणको केन्द्र बनाएको देखिन्छ ।

टोल-टोलमा फ्रि वाईफाई, सीसीक्यामरा जडान, अध्ययन भ्रमण, विभिन्न प्रकारका भत्ता जस्ता सस्ता कुराहरूमा प्रतिस्पर्धा देखिन्छ । कसरी पालिकाको उत्पादन बढाउने, पालिकालाई कसरी आत्मनिर्भर बनाउने, हर नागरिकलाई उत्पादनसँग जोडेर आय आर्जन बढाउने र सबै नागरिकको सम्मानित जीवन कसरी बनाउने, एशियामा नै तेस्रो स्थानमा रहेको बालविवाह कसरी निर्मूल गर्ने, जातीय तथा लैंगिक विभेद कसरी अन्त्य गर्ने, नागरिकहरूलाई कसरी करमुक्त बनाउने, ज्ञानमा आधारित अर्थतन्त्रका आधारहरू निर्माण गरी अर्थतन्त्रलाई कसरी सबल र सक्षम बनाउने भन्ने कुरामा सबै पार्टीका घोषणापत्रहरू मौन देखिन्छन् ।

मतदान भनेको जुवा खेले जस्तो होइन पहिलो हात दाउ लागेन अर्को हातमा दाउ लागिहाल्छ कि भन्ने न त यो सेयर मार्केट जस्तो दैनिक घटबढ भइरहने चिज हो । यो एक पटक दान गरेपछि पाँच वर्षसम्म चुपचाप सहनु मात्रै होइन दुष्ट नेतृत्वले गरेका कुकर्म र सामाजिक अपराधको मूल्य सदियौंसम्म चुकाउनुपर्दछ । यदि काठमाडौंवासीले सुरुदेखि सही नेतृत्व चयन गर्न सकेको भए आज वागमती र विष्णुमतीको त्यो हालत हुने थिएन । पोखरावासीहरूले समयमा नै सही नेतृत्व छान्न सकेको भए न फेवातालको सिमाना घट्दथ्यो न त फेवातालमा ढल नै मिसिन्थ्यो ।

नेपाल जस्तो बहुदलीय व्यवस्था भएको देशमा हर नागरिकहरू राजनीतिक पार्टीमा आवद्ध भएका पनि हुन सक्दछन् । यदि राजनीतिक पार्टीहरूले सही व्यक्तिलाई उम्मेदवारको रूपमा अगाडि सार्न सकेनन् भने नेपालका तीनै तहका सरकारहरूका लागि सही नेतृत्व छान्न निकै मुश्किल पर्दछ ।

नेपाली समाज बारम्बार सक्षम नेतृत्व छनोट गर्न चुकिरहनुका पछाडि केही अनावश्यक कारणहरूले हामीलाई बन्दी बनाइरहेका छन् । निर्वाचनका दिन हामी विना विश्लेषण भोट हाल्छौं र बाँकी दिन त्यही राजनीतिक नेतृत्वलाई सरापेर बिताउँदछौं । वास्तवमा अयोग्य नेतृत्व छनोट गर्ने हामी नै गलत होइनौं ? एक पटक सोच्ने कि ?

जतिसुकै अक्षम, अपराधी र अयोग्य भए पनि हामीलाई आफ्नै नाता गोताको, छरछिमेकको, आफू आवद्ध राजनीतिक पार्टीका उम्मेदवारलाई नै भोट हाल्ने आदत परेको छ । बारम्बार सही नेतृत्व छनोट गर्न नसक्दा आज देशमा कृषि उपज लगायत वस्तुहरूको कहालीलाग्दो आयात बढेको छ, युवाहरू विदेश पलायन हुनुपरेको छ, हीरामोती भन्दा किमती अन्न उब्जने जमिन बाँझै छन्, दलालीकरण चरम छ, सामाजिक मूल्य मान्यताहरू तहसनहस भएका छन्, राजनीतिक नेताहरू नै अपराधीका संरक्षण बनेर कानुनको खिल्ली उडाइरहेका छन्, सार्वजनिक संस्थानहरू तहसनहस भएका छन्, निजी क्षेत्र गैरजिम्मेवार बनेका छन्, नागरिकहरूको सरकारप्रतिको विश्वास दिन प्रतिदिन घट्दो छ, कुनै क्षेत्रको सेवा विश्वसनीय छैन, देशमा एक प्रकारको अराजकता र लुट नै मच्चिरहेको छ, वातावरण विनाश भैरहेको छ । के यी सबै समस्याको समाधान नभई देश प्रगतिको मार्गमा अगाडि बढ्न सक्दछ ? यी समस्या समाधान गर्न हाम्रो भूमिका छैन ?

हाम्रो सहभागिता विना यी समस्या समाधान हुन सक्दछन् ? यसको सोझो उत्तर हो जबसम्म हामी सचेत भएर यी समस्या समाधान गर्न सहभागी हुँदैनौं तबसम्म यी समस्याको समाधान गर्न कहींबाट कोही आउनेवाला छैन र हाम्रो जीवन, गाउँठाउँ, समाज र देशमा केही परिवर्तन हुनेवाला छैन । त्यसकारण पाँच वर्षमा एक पटक आउने निर्वाचनमा हामीले सुझबुझपूर्ण गर्ने मतदान नै यो देश विकासको लागि सबैभन्दा ठूलो योगदान हो ।

यो व्यवस्थामा हामी कुनै न कुनै राजनीतिक पार्टीमा हुनु स्वाभाविक हो तर हामी कुनै पार्टीमा छौं भन्दैमा यदि त्यो पार्टीले यस पटकको निर्वाचनमा योग्य व्यक्तिलाई उम्मेदवार बनाएको छैन भन्ने जान्दाजान्दै राम्रो व्यक्तिलाई भोट नहालेर पार्टीको समर्थक वा कार्यकर्ता हुँ भन्ने नाममा पालिकालाई राम्रोसँग हाँक्न सक्ने व्यक्तिलाई मतदान नगरी अक्षम भए पनि आफ्नै पार्टीका उम्मेदवारलाई भोट हाल्नु भनेको अपराध होइन ?

एक त सक्षम व्यक्तिहरूलाई उम्मेदवारको टिकट नदिएर पार्टीहरूले एक प्रकारको अपराधको जग खनिसकेका छन् त्यसमाथि त्यस्ता अक्षम र अयोग्य व्यक्तिलाई जिताएर पार्टीका कार्यकर्ताहरूले पार्टीका अपराधलाई अनुमोदन गर्दा त्यो अपराधको भागीदार हामी हुन्छौं कि हुँदैनौं ? चुनाव जित्नेलाई त आनन्द नै आउला तर पाँच वर्षसम्म कुशासनको भार आफैंले सहनुपर्दछ कि पर्दैन ? स्मरणरहोस् कुशासनको मूल्य आगामी पुस्ता र हाम्रो राष्ट्रिय स्वाभिमानसँग जोडिएको हुन्छ ।

देशमा अथाह स्रोत र साधन तथा परिश्रमी जनशक्तिका बावजुद अक्षम, लोभीपापी, छद्मभेषी नेतृत्वको कारण हामीले दु:ख पाइरहेका छौं । तपाईं हाम्रो एक भोट उठेका उम्मेदवार मध्ये सबैभन्दा सक्षम उम्मेदवारलाई दिएर जिताउन सक्यौं भने हाम्रो प्रगति सुनिश्चित छ । त्यसकारण समुन्नत र प्रगतिशील भविष्य रोज्ने कि यथास्थिति वा पश्चगमनमा रमाउने रोजाइ हाम्रै हो । विगत पाँच वर्षको अनुभवले पनि के प्रमाणित गरेको छ भने पार्टीहरूले घोषणापत्रमा जे-जस्ता कुराहरू लेखेको भए पनि स्थानीय तहको नेतृत्वको क्षमता, योग्यता, विज्ञताका आधारमा नै स्थानीय सरकार सञ्चालन गरेको देखियो ।

जुन पालिकाका जनप्रतिनिधिहरू शिक्षित, समाजप्रति जिम्मेवार, काम र कर्तव्यप्रति जवाफदेही थिए ती पालिकाहरू नै तुलनात्मक रूपमा विकसित भएका छन् । त्यसकारण योग्य र सक्षम उम्मेदवारलाई विना पूर्वाग्रह मतदान गरौं र सकारात्मक भविष्य निर्माण गर्ने अभियानमा सहभागी बनौं ।

*(डा. लामिछाने इस्टर्न रिसर्च इन्स्टिच्युट अफ पोजिटिभ साइन्स (इरिप्स) का प्रमुख कार्यकारी अधिकृत हुन् ।) -साभार: अनलाईनखबर*

# आकाश र पूजाको 'सम्झना बिर्सना' रिलिज पोस्टपोन्ड

साझाकुरा संवाददाता

काठमाडौं / अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री पूजा शर्मा स्टारर फिल्म 'सम्झना बिर्सना'को रिलिज पोस्टपोन्ड भएको छ । यो फिल्म आगामी जेठ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा थियो । प्रचार-प्रसारका लागि समय अभाव भएको र यही बैशाख ३० गते हुन लागेको स्थानीय तहको निर्वाचनको माहोललाई मध्यनजर गर्दै निर्माण टिमले पूर्वनिर्धारित मितिमा फिल्म प्रदर्शन नगर्ने निर्णय गरेको हो ।

मंगलवार दिउँसो ४ बजे फिल्मको शिर्ष गीत सार्वजनिक गर्ने तयारी गरिएको थियो । तर, वितरक र निर्माताबीच तत्काललाई फिल्मको प्रदर्शन मिति स्थगन गर्ने सहमति भएपछि अब नयाँ प्रदर्शन मितिसहित गीत सार्वजनिक गरिने निर्देशक निमेष प्रधानले जानकारी दिए । 'सम्झना बिर्सना'को रिलिज रोकिएसँगै जेठ ६ मा रिलिज हुने फिल्म 'लाइफ इन एलए'लाई राहत मिलेको छ । दार्जिलिङ, सिक्किम र नेपालको जीवन पद्दतिको प्रेमकथामा



आधारित भएर निर्माण भएको फिल्मलाई आदित्य प्रधान र रेविका प्रधानले निर्माण गरेका हुन् । फिल्मको कथा तथा पटकथा निर्देशक प्रधान स्वयंले लेखेका हुन् । पूजा र आकाशका अलावा सुनिल थापा, शिशिर राणा, छुल्ठिम गुरुङलगायतको पनि अभिनय रहेको यो फिल्म आदित्य फिल्मस्को ब्यानरमा निर्माण भएको हो ।

कोरोना महामारीभन्दा अगाडि भारतको सिलिगुडी, दार्जिलिङ र सिक्किम क्षेत्रमा छायांकन भएको यस फिल्ममा शिव ढकालको छायांकन, तारा थापा 'किम्भे'को सम्पादन र कमल राईको नृत्य निर्देशन रहेको छ । शिशिर राणा र निमेष प्रधानले फिल्मको संवाद तयार पारेका हुन् । 'सम्झना बिर्सना'लाई आकाश र विशेषगरी पूजा शर्माको स्टारडमको वास्तविक परीक्षाको रुपमा हेरिएको छ । -साभार: फिल्मीखबर

# श्रीलंकामा अनियन्त्रित बन्दै प्रदर्शन

काठमाडौं / श्रीलंकामा केही महिनादेखि जारी आर्थिक संकटका बीच राजनीतिक अस्थिरता उत्पन्न भएको छ । केही दिनयता ठूला प्रदर्शनसँगै हिंसात्मक गतिविधि बढेका छन् ।

सोमबार बिहानैदेखि भएको प्रदर्शनमा झडप हुँदा कम्तीमा ३ जना मारिएको स्थानीय मिडियाले जनाएका छन् । यस क्रममा एक सांसद र एक प्रहरी अधिकृत पनि मारिएको अन्तर्राष्ट्रिय मिडियाले जनाएका छन् ।

प्रदर्शनकारीले केही मन्त्री र सांसदहरूको निवासमा पुगेर आगजनी समेत गरेका छन् । झडपको क्रममा २ सय जना घाइते भएको डेली मिररले जनाएको छ । उनीहरूको अहिले कोलम्बोस्थित कोलम्बो नेश्नल हस्पिटलमा उपचार भइरहेको छ ।

सोमबार महिन्दा राजापाक्षेले प्रधानमन्त्रीबाट राजीनामा दिएका थिए । तैपनि हिंसा रोकिएको छैन । मंगलबार राष्ट्रपति गोटाबाया राजापाक्षेले प्रधानमन्त्रीको राजीनामा स्वीकार गरिसकेका छन् ।

अहिले कोलम्बोसहितका सहरमा राष्ट्रपति गोटाबाया राजापाक्षेको राजीनामा माग गर्दै प्रदर्शन भएको छ । र ती प्रदर्शन हिंसात्मक बन्दै गएका छन् । महिन्दा राजापाक्षे समर्थकहरूको प्रदर्शनले पछिल्लो समय उग्र रुप लिँदै गएको स्थानीय मिडियाले जनाएका छन् ।

हाल मन्त्री तथा उच्च अधिकारीहरू नै प्रदर्शनकारीको निशाना बनेका छन् । उनीहरूले नेताहरूका घर जलाउनुका साथै



प्रहरीका गाडीसमेत तोडफोड गरेका छन् । अन्तर्राष्ट्रिय मिडियाका अनुसार प्रदर्शनकारीले महिन्दा राजापाक्षेको हन्बनटोटामा रहेको पुरानो घर समेत जलाइदिएका छन् । सरकारले कर्फ्यू जारी गरे पनि प्रदर्शन रोकिएको छैन ।

केही महिनादेखि नै आर्थिक संकट झेल्दै आएको श्रीलंकामा पछिल्ला घटनाले गृहयुद्धको सम्भावना बढेको टिप्पणी हुन थालेको छ । हिंसात्मक प्रदर्शन अनियन्त्रित बन्दै गएपछि श्रीलंकामा गृहयुद्ध निम्तिनसक्ने आकलन गरिएको छ ।

सोमबार प्रधानमन्त्रीले राजीनामा दिएपछि राष्ट्रपतिले सर्वदलीय बैठक बोलाएर सर्वदलीय मन्त्रिपरिषद् गठनको तयारी गरेका थिए । तर मंगलबार महिन्दाका समर्थकहरूको प्रदर्शन झन् उग्र बन्दै गयो । उनीहरूले अहिले राष्ट्रपतिको राजीनामा माग गरिरहेका छन् । सोमबार महिन्दाको राजीनामाले संकट समाधानका लागि सहयोग पुग्ने अपेक्षा गरिए पनि एकै दिनमा महिन्दाका समर्थकहरूको उग्र प्रदर्शनका कारण अवस्था त्यस्तो नदेखिएको बताइन्छ ।

सन् २०१९ को नोभेम्बरमा प्रधानमन्त्री बनेका राजापाक्ष त्यसअघि दुई पटक राष्ट्रपतिसमेत भएका थिए । उनी सन् २००५ देखि २०१५ सम्म लगातार राष्ट्रपति भएका थिए । त्यसअघि उनी सन् २००४ मा प्रधानमन्त्री निर्वाचित भएका थिए ।

पछिल्लो समय श्रीलंकाले स्वतन्त्रतायताकै सबैभन्दा ठूलो आर्थिक संकटको सामना गरिरहेको छ । विदेशी मुद्राको अभावसँगै इन्धन आपूर्ति अनियमित छ भने खाद्यान्न, औषधिलगायत अत्यावश्यक सामग्रीको चरम अभाव छ । त्यस्तै, दैनिक उपभोग्य वस्तुको मुल्य अकासिएको छ भने विद्युत् आपूर्ति ठप्पप्राय: छ । जसका कारण जनजीवन निकै कष्टकर बनेपछि जनतामा आक्रोश बढेको हो । ठूलो मात्राको वैदेशिक ऋण र व्यवस्थापन कमजोरीका कारण धर्मराएको अर्थतन्त्र विदेशी मुद्रा अभावका कारण धराशायी बनेको हो । विदेशी मुद्राको सञ्चिति बढाउनका लागि सन् २०२० मा आयातमा प्रतिबन्ध लगाएपछि खाद्यान्न तथा औषधि अभाव भएको हो ।

विदेशी मुद्राको मुख्यस्रोत पर्यटन क्षेत्र कोरोना महामारीले ठप्पप्राय: छ । पर्यटन क्षेत्रसँग आबद्ध कम्तीमा २ लाख ५० हजार जनाले रोजगारी गुमाइसकेको जनाइएको छ । त्यसका साथै, चीनलगायत देशसँग लिएको ऋणबाट सञ्चालित विभिन्न परियोजना पनि महामारीकै कारण संकटमा परेका छन् ।

यसअघि विदेशी मुद्रा सञ्चितिमा परेको दबाब घटाउन सरकारले गाडी र मल आयातमा रोक लगाएका कारण चियालगायत अन्य उत्पादनमूलक क्षेत्रमा पनि नकारात्मक प्रभाव परेको छ । पछिल्लो समय युक्रेनमाथि रुसले गरेको आक्रमणका कारण पनि श्रीलंकाको अर्थतन्त्र थप असर पुगेको जनाइएको छ । अर्थतन्त्र ओरालो लाग्दै गएपछि श्रीलंकाले अमेरिकी डलरसँग आफ्नो मुद्रा अवमूल्यन गरेपछि भने आयातित वस्तुको भाउ निकै महँगो भयो । जसका कारण सरकारविरोधी प्रदर्शन चर्केको हो ।

पछिल्लो समय राष्ट्रपति राजापाक्षको लोकप्रियता निकै घटेको छ । सन् २०१९ मा भएको चुनावमा 'राजनीतिक स्थायित्व र शासन सञ्चालनका सबल नेतृत्व' प्रदान गर्ने वाचासहित राजापाक्ष निर्वाचित भएका थिए । -साभार: इकान्तिपुर

# नीति तथा कार्यक्रम र बजेटमा खाना पकाउने ऊर्जाको प्राथमिकता

काठमाडौं / सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि अन्तिम तयारी गरिरहेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी जेठ ३ गते संसद्को अधिवेशन आह्वान गर्नुभएको छ भने सरकारले जेठ ७ गते आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम र १५ गते वार्षिक बजेट ल्याउने गरी गृहकार्य सुरु गरिसकेको छ । साउन १ गतेदेखि नै बजेट कार्यान्वयन गर्ने गरी जेठ १५ गते बजेट ल्याउन थालेको सातौं वर्षमा चल्दै छ ।

यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनलाई लक्षित गरी राजनीतिक पार्टीहरूले सार्वजनिक गरेका घोषणापत्र एवं प्रतिबद्धता पत्रहरुमासमेत उल्लेख भएका र वर्तमान सरकार गठन भएपछि सार्वजनिक गरिएको साझा अवधारणाको मर्मअनुसार आम नागरिकका जनजीविकाका विषयलाई नै नीति तथा कार्यक्रम र बजेट आउने प्रष्ट छ ।



पछिल्लो समय रुस-युक्रेन युद्धले खासगरी इन्धनका क्षेत्रमा पारेको प्रभावबाट बजारमा भएको मूल्यवृद्धिको असरलाई कम गर्नुपर्ने चुनौती रहेको छ । सैीय सरकारको नीति कार्यक्रम र बजेटकै सेरोफेरोमा स्थानीय निर्वाचनपछि गठन हुने स्थानीय सरकारले आगामी असारमा ल्याउने कार्यक्रम र बजेट पनि आउने हुँदा आयातित इन्धनको खपतलाई कम गर्ने र स्वदेशी ऊर्जाको पहुँचलाई विस्तार गर्नेतर्फ नै ध्यान दिनुपर्ने अर्थ राजनीतिका जानकार बताउँछन् । वित्तीय सैीयतालाई प्रभावकारी कार्यान्वयनमा लैजान प्रतिस्पर्धी तर दिगो अनि पर्यावरणमैत्री हरित अर्थतन्त्रमा जोड दिन पनि स्वच्छ ऊर्जालाई उच्च प्राथमिकता दिनुपर्ने उनीहरूको सुझाव छ ।

परम्परागत स्रोतको प्रयोगबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पुग्नुको साथै राष्ट्रिय अर्थतन्त्रमासमेत नकारात्मक प्रभाव पर्दछ । ऊर्जाको आधुनिक र प्रभावकारी उपयोग गर्नाले खाना पकाउने ऊर्जाको लागत घटाउने, समयको बचत गर्ने र घरभित्रको वातावरण सुधारमा सहयोग पुऱ्याउने भएकाले स्वच्छ भान्छाको अभियानलाई अगाडि बढाउन सकिएमा हरित अर्थतन्त्रमा सहयोग पुग्दछ ।

खाना पकाउने एलपी ग्यासको मूल्य विश्वव्यापीरुपमा उकालो लागिरहँदा नेपाल आयल निगमलाई प्रतिसिलिण्डर ग्यासमा एक हजार ५० बराबरको घाटा परिरहेको छ । पछिल्लो १५ दिनमा निगमलाई डिजेलपछि ग्यासबाट सबैभन्दा बढी घाटा भएको र ग्यास बिक्रीबाट एक अर्ब ७४ करोड ५४ लाख बराबरको घाटा भएको निगमका सहप्रवक्ता पुष्कर कार्कीको भनाइ छ । त्यस्तै डिजेल, पेट्रोललगायत अन्य इन्धनका स्रोतबाट पनि निगमलाई नोक्सानी नै छ । हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनलाई प्रमुख राजनीतिक पार्टीहरूले जोड दिएका छन् ।

नेपाली काँग्रेसले हरेक घरमा विद्युतीय ऊर्जाबाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रम लागू गर्ने र घरायसी उपयोगको लागि स्वच्छ ऊर्जा वा वैकल्पिक ऊर्जाको प्रयोगलाई बढोत्तरी गर्नुपर्नेमा जोड दिएको नेपाली काँग्रेसका केन्द्रीय सदस्य प्रा डा गोविन्दराज पोखरेल बताउँछन् ।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षसमेत रहनुभएका डा पोखरेलले पार्टीको घोषणापत्रमा उल्लेख गर्दै हिउँदको समयमा अपुग भए पनि वर्षाको समयमा स्वदेशमै उत्पादन भएको विद्युत् खेर जाने अवस्था रहेकाले विद्युत्को खपत बढाउने प्रविधिमा जोड दिने गरी सरकारले नीति कार्यक्रम र बजेट ल्याउने विश्वास व्यक्त गर्छन् ।

आधुनिक ऊर्जा-उज्यालो पालिकाअन्तर्गत विद्युत् उत्पादन र खपत बढाउने, आधुनिक ऊर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नवीकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा ल्याउने कुरामा नेकपा(एमाले)ले पनि जोड दिएको राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षसमेत रहनुभएका सो पार्टीका बुद्धिजीवी परिषद्का अध्यक्ष डा दिनेशचन्द्र देवकोटा बताउनुहुन्छ ।

सो पार्टीले सार्वजनिक गरेको घोषणापत्रमा यसमा प्रत्येक नागरिकका घरमा विद्युत् सुविधा उपलब्ध गराउने र विपन्न परिवारलाई घरायसी प्रयोगको विद्युत् नि:शुल्क उपलब्ध गराउने, हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनमा प्राथमिकता दिएको छ । यसैगरी नेकपा(माओवादी केन्द्र)ले जारी गरेको अपिल र प्रतिबद्धतामा सबै वडामा विद्युतीकरणको व्यवस्था गर्नुको साथै एलपी ग्यास आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय सरकारद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो नि:शुल्क उपलब्ध गराउने कुरालाई प्राथमिकता दिएको छ ।

सोही पार्टीको तर्फबाट वर्तमान सरकारमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री बनेकी पम्फा भुसालले सुरुदेखि नै विद्युतीय खपतलाई बढाउन र एलपी ग्यासको निर्भरतालाई घटाउन विद्युतीय चुलोको प्रयोगलाई बढाउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै आएकी छन् ।

'विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नारासहित विद्युत् खपत तथा वातावरण संरक्षणका लागि स्वच्छ ऊर्जाको प्रयोग बढाउन अब मन्त्रालयले विद्युतीय चुलोमार्फत ग्यास विस्थापनलाई योजनागत रुपबाटै अघि बढ्ने नीति लिएको छ, उनले भनिन् ।

नेकपा(एकीकृत समाजवादी) लगायत अन्य राजनीतिक दलहरूले पनि एलपी ग्यासको खपत कम गर्न, विद्युतीय चुलोको प्रयोगलाई बढाउन र स्वच्छ वातावरण कायम गर्ने विषयलाई जोड दिएकी छन् ।

कृषि र वनमा आधारित परम्परागत ऊर्जालाई आधुनिक ऊर्जामा रुपान्तरण गर्न पनि सकिन्छ । बायोग्यास, ठूला बायोग्यासबाट उत्पादन हुने इन्धन, विद्युत्बाट चल्ने विद्युतीय चुलो, पेलेटजस्ता ऊर्जालाई प्राथमिकतामा राखेर उपयोग गर्ने हो भने आयातित ऊर्जाको परिमाण कटौती हुनसक्छ ।

विद्युतीय चुलोको प्रयोगले अन्य प्रविधिको तुलनामा कम खर्च लाग्ने भएकाले समयको बचत र लागत समेत कम हुन जाने र यसले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्ने भएकाले यसमा राजनीतिक सहमति रहेको देखिन्छ ।

सहरी क्षेत्रमा यो समस्या त्यतिधेरै गम्भीर नभए पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने झण्डै ७९ दशमलव ४२ प्रतिशत जनसंख्या अहिले पनि खाना पकाउने ऊर्जाको प्रमुख स्रोतको रूपमा दाउरा, गुइँठा र कृषि अवशेष नै प्रयोग गरिरहेका छन् । यस्ता परम्परागत ऊर्जा स्रोतको प्रयोग झण्डै ६९ प्रतिशत रहेको छ भने व्यावसायिक ऊर्जाका रूपमा बिजुली, पेट्रोलियम पदार्थ र कोइलाको प्रयोगको हिस्सा २८ प्रतिशत छ ।

यस्तै नवीकरणीय ऊर्जामा लघु जलविद्युत्, सौर्य ऊर्जा र बायोग्यासबाट तीन प्रतिशत ऊर्जा आपूर्ति भएको छ ।

सन् २०३० सम्म २५ प्रतिशत घरधुरीमा विद्युतीय चुलोको प्रयोग बढाउने, वन क्षेत्रलाई ४५ प्रतिशत पुऱ्याउने र शून्य कार्बन उत्सर्जन गर्ने लक्ष्य तय गरिएको सन्दर्भमा विद्युतीय चुलोको प्रयोगलाई बढाउनुपर्ने हुन्छ ।

पछिल्ला दिनमा नागरिकमा विद्युतीय चुलोको प्रयोगमा समेत वृद्धि भएको छ । राज्यका विभिन्न निकाय एवं कतिपय स्थानीय सरकारले पनि यसमा जोड दिएका छन् । ललितपुरको महाङ्काल गाउँपालिकाले सबै दुई हजार ३०५ घरधुरीमा विद्युतीय चुलो जडान गरिएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाको पहलमा विद्युतीय चुलो जडान गरिएको केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले जानकारी दिए । काभ्रेको तेमालमा संस्थागतरुपमा नै विद्युतीय चुलो प्रयोगसम्बन्धी अभियान चलाइएको छ ।

यस्तै क्लिक कुकिङ एलाइन्स(सिसिए)को पहलमा तीन वर्षअघि नूमना परियोजनाका रूपमा पाँचखाल र मदनदेउपुर नगरपालिकामा सञ्चालित धुवाँमुक्त भान्छाको कार्यक्रमले स्थानीयको दिनचर्यामा फेरबदल ल्याएको छ ।

तीन वर्षअघि काभ्रेको मण्डनदेउपुर र पाँचखालमा गरिएको अध्ययनमा झण्डै ९९ प्रतिशत घरमा दाउराबाटै खाना पकाउने गरिएकामा अहिले अधिकांशले बायोग्यास, एलपी ग्यास वा इन्डक्शनको प्रयोग गर्न थालेको सिसिए नेपालका राष्ट्रिय प्रबन्धक करुणा बज्राचार्यले जानकारी दिइन् । विद्युतीय चुलो जडानपछि स्थानीयवासीको स्वास्थ्यमा सुधार, जलवायु तथा वातावरणको संरक्षण, महिला सशक्तीकरण र आर्थिक सबलीकरणमा सहयोग पुगेको उनको भनाइ छ ।

दिगो विकास लक्ष्यले समेत ९९ प्रतिशत घरधुरीमा विद्युत्को पहुँच र दाउराको प्रयोग घटाएर ३० प्रतिशतमा झार्ने, प्रतिव्यक्ति विद्युत् खपत बढाएर एक हजार ५०० किलोवाट घण्टा पुऱ्याइने उल्लेख गरिएको छ । नेपालका आवधिक विकास योजना तथा ऊर्जा नीतिहरूले परिकल्पना गरेअनुसार सबै घरपरिवारमा बत्ती बाल्न र खाना पकाउनका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेट तर्जुमा हुन आवश्यक छ । -साभार: रातोपाटी

# नेपालको शानदार जित

काठमाडौं / एएफसी एसियन कप २०२३ को छनोट चरणका लागि बन्द प्रशिक्षणमा रहेका नेपाली राष्ट्रिय फुटबल टोलीले क्यामरुनको एभेनिर एफसी डोउलामाथि सानदार जित निकालेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा नेपालले एभेनिरमाथि ४-१ को फराकिलो जित निकालेको हो । नेपालको जितमा जर्जप्रिन्स कार्कीले दुई गोल तथा मनिष डाँगी र दर्शन गुरुङले समान गोल गरे ।

एभेनिरमाथि नेपालले तेस्रो अभ्यास खेलमा जित निकाल्न सफल भएको हो । यसअघिको दुई खेल गोलरहित बराबरीमा सकिएको थियो ।

बन्द प्रशिक्षणमा रहेका सिनियर १० खेलाडी, व्यवस्थापन र मुख्य प्रशिक्षकबीचको विवादपछि हाल राष्ट्रिय टोलीमा नयाँ र युवा खेलाडीहरु रहेका छन् ।

सिनियर १० खेलाडीले क्याम्प छोड्न बाध्य भएपछि प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले १७ नयाँ खेलाडीलाई टोलीको प्रशिक्षणमा समेटेको थियो । त्यसमध्ये गोलरक्षक विकेश कुथु सुरुवातमै



अनुपस्थित रहे । त्यसपछि भारतीय सेनामा कार्यरत भविन्द्र मल्ल ठकुरीले पनि केही दिन प्रशिक्षणमा जोडिदै प्रशिक्षक र खेलाडीबीचको विवादमा नपर्ने भन्दै क्याम्प छाडिसकेका छन् ।

थप अभ्यास र प्रशिक्षणका लागि नेपाली टोली यसै साता कतार जाने सम्भावना छ । त्यहाँ नेपाली टोलीले अफगानिस्तानसँग मे २५ र २९ मा दुई मैत्रीपूर्ण खेल खेल्ने तालिका छ ।

एएफसी एसियन कप छनोटमा समूह ए मा रहेको नेपालले आयोजक कुवेत, जोर्डन र इन्डोनेसियासँग प्रतिस्पर्धा गर्नेछ । ८ जुनमा जोर्डन, ११ जुनमा कुवेत र १४ जुनमा इन्डोनेसियासँग खेल्ने तालिका छ । -साभार: हाम्रो खेलकुद

# ६ वटै महानगर एमालेले जित्छ : वरिष्ठ उपाध्यक्ष पोखरेल

वीरगञ्ज / नेकपा एमालेका उपाध्यक्ष ईश्वर पोखरेलले ६ वटै महानगरपालिकामा एमालेले जित्ने दावी गरेका छन् ।

वीरगञ्जमा पार्टीले आयोजना गरेको आमसभामा बोल्दै उनले त्यस्तो दावी गरेका हुन् । देशभरि ६० प्रतिशत पालिकामा एमाले एक्लैले जित्ने दावी उनले गरे । राप्रपा नेपाल, लोसपासँग तालमेल भएका ठाउँमा पनि एमालेले नै जित्ने उनको भनाइ छ ।

नीति, सिद्धान्त नमिले पनि गठबन्धनको नाममा सत्ताधारी दलहरु एक ठाउँमा पोको परेको आरोप उनले लगाए ।

'नीति मिल्दैन, सिद्धान्त मिल्दैन, तर सबै एक ठाउँमा पोको परेका छन् । उनीहरुको उद्देश्य एउटै हो, एमालेलाई सिध्याउने ।

केपी ओलीले नेतृत्व गरेको एमालेलाई सिध्याउने', उनले भने, 'यही सभाबाट भन्न चाहन्छु, माधवकुमार नेपाल, शेरबहादुर देउवाहरु एमालेलाई सिध्याउने सपना नदेख, केपी ओली नेतृत्व गरेको एमाले सिध्दिदैन, एमाले हिजोभन्दा अझ सशक्त भएर मुलुकको नेतृत्वदायी भूमिकामा आफ्नो उपस्थित गर्नेछ ।' बेला बेलामा हिन्दीसमेत बोलेका नेता पोखरेलले छिमेकी मुलुक भारतका प्रधानमन्त्रीसँग आँखामा आँखा जुधाएर बोल्न सक्ने व्यक्ति केपी ओली मात्रै भएको दावी गरे ।

नेता पोखरेलले वीरगञ्ज महानगरपालिकाको मेयरमा एमालेका उम्मेदवार विजयकुमार सरावगीले वीरगञ्जबासीको सपना पूरा गर्ने बताए ।

'विजय सरावगीको तीन वटा कुराबाट म प्रभावित छु, एउटा विकास प्रेमी निष्कलंक मान्छे, मलाई लोभ लाग्थ्यो, यति राम्रो मान्छे एमालेमा आए हुन्थ्यो भन्ने लाग्थ्यो, आउनु पनि भयो' उनले भने ।

पूर्व मन्त्री, सांसद एवं लोसपाका नेता बिमल श्रीवास्तवले वीरगञ्जको विकास चाहने कि विनाश रोज्ने भन्ने निर्णय गर्ने घडी आएको बताए ।

उनले स्थानीय चुनावका लागि नभएर आफ्नो र सन्तानको कुर्सी जोगाउन सत्ताधारी दलका नेताले गठबन्धन गरेको बताए । -साभार: अनलाईनखबर

**भुल सुधार**

मिति २०७८ फागुन २५ गते बुधबार तेस्रो पेजमा बाईक हराएको सूचनामा वाईक नं. ०३-००३ प ३१९० हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्र बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार
१८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको
३ महिना पूरा भएपछि बुस्टर खोप
लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।

खोप कार्ड

कोभिड-१९ सङ्क्रमण भएकाहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाएको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

श्री
निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पाँच वर्षअघिको काकाकुल थाहानगरमा धारा

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ उत्तरी मकवानपुरको थाहा नगरपालिकाले पाँच वर्षअघिसम्म खानेपानीमा ठूलो समस्या झेल्दै आएको थियो । खानेपानीको लागि सँधै हाहाकार नै हुने नगरमा २०७२ सालको भूकम्पपछि पानीका मुहानहरू सुकेर जाँदा अझ ठूलो समस्या आइपऱ्यो ।

पानीको मुहानहरु नै सुकेपछि धेरै जनसमुदायले खानेपानीको असुविधा भोग्दै आएका थिए । तर, २०७४ सालको स्थानीय तहको निर्वाचनबाट जनप्रतिनिधिहरु निर्वाचित भएर आएपछि थाहानगरपालिकामा खानेपानीको समस्या समाधान हुँदै गएको छ । खानेपानीको लागि सँधै हाहाकार हुने थाहानगरका धेरै घरमा धारा बनिसकेका छन् । कयौं घण्टा हिँडेर मुहानको पानी लिन जानुपर्ने धेरैको बाध्यताको अन्त्य भइसकेको छ ।

०७२ को भुकम्पपछि थाहा नगरपालिकाको १० नम्बर वडाका करिब ६ सय घरधुरी खानेपानी सुविधाबाट बञ्चित भएका थिए । नगरपालिकाले गैरसरकारी संस्थासँग मिलेर दुई करोड ५६ लाख रुपियाँको योजना सञ्चालन गरी डीप बोरिङमार्फत् पानी निकालेर घरघरमा खानेपानी सुविधा पुऱ्याएको छ । खानेपानीको अभावले कुवा र खोलामा निर्भर रहँदै आएका थाहा नगरपालिका-६ वज्रबराही, १० नम्वर वडा चित्लाङ र ११ नम्बर वडा टिस्टुङ मालागिरीमा घरघरमा पानीको धारा जडान गरिएको छ ।

खानेपानी समस्याले हाहाकार नगरपालिकाका ११ सय घरधुरीका झन्डै १० हजार जनसंख्या लाभान्वित भएका छन् । पानीको सबैभन्दा समस्या रहेको थाहा नगर पालिका-१० चित्लाङका पाँचसय ४० घरधुरीमा खानेपानीको सेवा उपलब्ध गराइएको नगरपालिकाले जनाएको छ । खानेपानीको अभावले गर्दा उक्त क्षेत्रका बासिन्दा कुवा र ढुंगेधारामा निर्भर थिए ।

वडा नम्बर ७, जहाँ पानीको अत्यन्त संकट थियो, त्यहाँ करिब ६ करोड रुपियाँ लागतमा लिफ्टिङ खानेपानी योजना कार्यान्वयन भइरहेको छ । त्यो पनि सम्पन्नको चरणमा पुगेको छ । त्यसमा प्रदेश सरकारको ७० लाख, जिल्ला समन्वय समितिको डेढ करोड रुपियाँ र बाँकी रकम च्वाइस नेपाल संस्थाले हालिदिएको छ । त्यसैगरी आग्राको दामगाडे खानेपानी आयोजना पनि निर्माणाधीन छ । करिब ९० लाख रुपियाँ लागतमा उक्त आयोजना निर्माण भइरहेको छ । उक्त आयोजनाको लागि प्रदेश सरकारले ६० लाख रुपियाँ अनुदान दिएको छ । त्यस्तैगरी विभिन्न गैरसरकारी संस्था, उपभोक्ता समिति र नगरपालिकाले बाँकी लगानी गरेर खानेपानी आयोजना निर्माण कार्य भइरहेको नगरपालिकाका निवर्तमान मेयर लवशेर विष्टले जानकारी दिए । त्यस्तै थाहा नगरपालिकाको केन्द्रमा करिब ३ हजार घरधुरीलाई खानेपानी सेवाका लागि संघीय सरकारबाट ३० करोड ५७ लाख रुपियाँ स्वीकृत भएको छ । संघीय सरकारले दिएको रकममा नगरपालिकाले १ प्रतिशत अर्थात् ३० लाख ५७ हजार रुपियाँ लगानी गरेर करिब ३ हजार घर धुरीलाई खानेपानीको पहुँच पुऱ्याउन खानेपानी आयोजना निर्माण कार्य भइरहेको उनले बताए ।

टिस्टुङमा पनि खानेपानी सुविधाका लागि धेरै काम भएका छन् । अब नगरपालिकाको केहि स्थानबाहेक अधिकांश स्थानमा खानेपानीको समस्या करिब हल भइसकेको विष्टको भनाइ छ । उनले नगरपालिकाको टिष्टुङ क्षेत्रका केहि स्थानमा खानेपानी पुऱ्याउन नसकिएको समेत बताए । उनले भने 'टिष्टुङमा खानेपानी पुऱ्याउन अलि गाह्रो पनि देखिएको छ । त्यो क्षेत्र अलि टाढा हुनुको साथै त्यहाँ घरपरि वार थोरै भएकाले पनि बोरिङ गरेर खानेपानी लैजान समस्या भएको छ ।

तर, त्यसको लागि पनि छुट्टै योजना बनाएर खानेपानीको पहुँच पुऱ्याउनुपर्छ ।' निवर्तमान मेयर विष्टले आफू थाहा नगरपालिकाको मेयरमा निर्वाचित हुने बितिक्कै खानेपानीलाई प्राथमिकता दिएर काम गरेको बताए । खानेपानी मानव जीवनको मुख्य आवश्यकता भएकोले त्यसलाई प्राथमिकतामा राखेर काम गरेको उनको भनाइ छ ।




# प्रदेश सरकारले प्राविधिक शिक्षा र स्नाकोत्तरसम्म पढ्न छात्रवृत्ति दिने

साझाकुरा संवाददाता

हेटौंडा, २७ वैशाख/ बागमती प्रदेश सरकारले प्रदेशको सबै स्थानीय तहको एकजनालाई प्राविधिक शिक्षा र सामुदायिक विद्यालयमा पढेका प्रदेशका छोरीहरुलाई स्नाकोत्तरसम्म पढाउने भएको छ ।

प्रदेशका सामुदायिक विद्यालय र सामुदायिक क्याम्पसमा अध्ययनरत् महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत र लापोन्मुख जातिका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्ने उद्देश्यले प्रदेश सरकारले यो योजना अघि सारेको हो ।

प्रदेशको सामाजिक विकास मन्त्रालयका अनुसार सरकारले प्रदेशभित्र रहेको एकसय १९ स्थानीय तहबाट १-१ जना गरी एकसय १९ जनालाई प्रत्येक वर्ष नि:शुल्करुपमा प्राविधिक शिक्षा पढाउने भएको छ ।

त्यस्तैगरी प्रदेश सरकारले सामुदायिक विद्यालयबाट एसईई तथा १२ पास गरी सामुदायिक क्याम्पसमा नै भर्ना भएका प्रदेशभरिका छोरीहरुलाई स्नाकोत्तरसम्म पढाउने तयारी गरेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव श्रीकृष्ण नेपालले प्रदेश सरकारले प्राविधिक शिक्षा र छोरीहरुलाई स्नाकोत्तरसम्म पढाउने उद्देश्यले शैक्षिक छात्रवृत्ति निर्देशिका पनि जारी गरिसकेको जानकारी दिए ।

उनले कृषि, भेटेरनरी, सर्भेयर, सिभिल ईन्जिनियरिङ र वन विज्ञान विषयमा सामुदायिक विद्यालयमा कक्षा ११ वा सो सरहमा अध्ययनरत दलित, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जातिका छात्रछात्रालाई प्रदेश सरकारले पढाउने बताए । सचिव नेपालले प्रत्येक स्थानीय तहबाट सिफारिस भएर आएका १-१ जनालाई प्रदेश सरकारले प्राविधिक विषय नि:शुल्क पढाउने बताए । प्रदेश सरकारले सामुदायिक विद्यालयबाट १२ पास गरेर सामुदायिक क्याम्पसमा नै भर्ना भएका सबै छात्राहरुलाई नि:शुल्क रुपमा स्नातक र स्नाकोत्तर पढाउने योजनासहित लगत संकलन गरिरहेको उनको भनाइ छ ।

उनीहरुलाई भने सरकारले स्नातक तहको पहिलो वर्षको लागि दश हजार र स्नाकोत्तर पहिलो वर्षको लागि १५ हजार रुपियाँ छात्रवृत्ति दिने गरि तयारी गरिरहेको सचिव नेपालको भनाइ छ । उनले सामुदायिक क्याम्पसमार्फत् मन्त्रालयले प्रदेशभरि सरकारले पढाउनुपर्ने छात्राहरु कति छन् भनेर तथ्याङ्क निकाल्न लगत संकलन गरिरहेको जानकारी दिए ।

उक्त लगत संकलन भइसकेपछि मात्रै सरकारले प्रदेशका सबै छोरीहरुलाई छात्रवृत्ति दिने वा प्राथमिकीकरण गर्ने भन्ने विषयको निक्यौंल हुने उनको भनाइ छ । सचिव नेपालले क्याम्पसबाट आएको तथ्याङ्कको आधारमा छात्रवृत्ति प्रदान गर्नेसमेत बताए ।

मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको नेतृत्वमा प्रदेशमा गठबन्धनको सरकार बनेलगत्तै बसेको मन्त्रिपरिषद् बैठकले प्रत्येक स्थानीय तहबाट एकजनालाई प्राविधिक शिक्षा र प्रदेशभरिका छोरीहरुलाई नि:शुल्क स्नातकोत्तरसम्म पढाउने निर्णय गरेको थियो । चालु आर्थिक वर्षमा मन्त्रालयसँग यो कार्यक्रमको लागि एक करोड २५ लाख रुपियाँ रहेको सचिव नेपालको भनाइ रहेको छ । उहाँले चालु आर्थिक वर्षमा उक्त कार्यक्रमको लागि बजेट कम भएको भन्दै अर्को आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन हुनेसमेत बताए ।

# मनहरीमा कांग्रेस कार्यकर्तामाथि कुटपिट

साझाकुरा संवाददाता



हेटौंडा, २७ वैशाख/ जिल्लाको पश्चिम क्षेत्रस्थित मनहरी गाउँपालिकामा नेपाली कांग्रेसका कार्यकर्तामाथि कुटपिट भएको छ । मनहरीका एमाले कार्यकर्ताले कांग्रेसका कार्यकर्तालाई कुटपिट गरेको आरोप लागेको हो ।

कांग्रेस मनहरी गाउँपालिका-९ का वडा सचिव शिवराज गिरीलाई एमालेका कार्यकर्ताले कुटपिट गरेको कांग्रेस गाउँ सभापति प्रकाश बर्तौलाले जानकारी दिए । सोमबार राति नेकपा एमालेका नवीन उप्रेती, कृष्ण उप्रेती, ठाकुर अधिकारीलगायतले गिरीलाई हातपात गरेको कांग्रेसले पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । आफूलाई कठालोमा समातेर घोक्राएको र कानमा असर पर्ने गरी कुटपिट गरेको गिरीले आरोप लगाए । कांग्रेसले घटनाको दोषीलाई कारबाही माग गर्दै इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिएको छ । इप्रका मनहरीमा आरोपितलाई विपक्षी बनाएर अभद्र व्यवहार मुद्दा दर्ता गरेको कांग्रेस मनहरीका सभापति बर्तौलाले जानकारी दिए ।

मध्यरातमा घरघरै पुगेर कांग्रेस कार्यकर्तामाथि भएको हातपातको घटनाले निर्वाचनवाट एमाले पराजित मानसिकतामा पुगेको बर्तौलाले बताए ।

'एमालेले जस्तै मान्छे कुट्दै हिँड्ने हो भने हामी पनि कमजोर छैनौं । कांग्रेसले कुटाइ खाएरै हिँडिरहनुपर्ने भन्ने कसैले सोचेको छ भने भ्रममा नपर्न भन्छु', बर्तौला भने ।


## मनकामना दुग्ध उत्पादक सहकारी संस्था लि.

मकवानपुरगढी गाउँपालिका वडा नं. ३ मक्रान्चुली मकवानपुर

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७९/०१/२७

यस सहकारीको आ.ब. २०७८/०७९ को लागि, यस सहकारी र नेपाल लाइभ स्टक सेक्टर इनोभेसन आयोजनाबाट स्वीकृत भए बमोजिमको आयोजना (मनकामना दुध प्रशोधन तथा उत्पादन उधोग) अन्तर्गत पर्ने ठेक्का न.MDUSS/NCB/01/2078–079, Procurement, Supply and Installation of Goods (Dairy Bibhidikaran Related Product) at Manakamana Dudh Utpaadak Sahakari Sastha Limited Makawanpurgadhi-03, Makranchuli कार्य गर्नको लागि मिति २०७८/१२/१६ गते सिलबन्दी माध्यमबाट बोलपत्र/दरभाउपत्र तयार गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको स्वीकृत ढाचा बमोजिम ३० दिनको ठेक्का आह्वान गरेको र उक्त सिलबन्दी दरभाउपत्रहरु उपर मिति २०७९/०१/२३ गते बसेको सिलबन्दी दरभाउपत्र मूल्यांकन समितिको निर्णय अनुसार निम्न सिलबन्दी दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्राभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को उपदफा १ को प्रयोजनार्थ सबै सिलबन्दी दरभाउपत्रदाताहरुको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | विवरण | कवोल अंक | फर्मको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MDUSS/NCB/01/2078-079 | Procurement. Supply and Installation of Goods (Dairy Bibhidikaran Related Product) at Manakamana Dudh Utpaadak Sahakari Sastha Limited Makawanpurgadhi-03, Makranchuli | रू.१,०९,५१,५००.०० | नेपाल चिलिंग भ्याट प्रा.लि. हेटौंडा, मकवानपुर | |

व्यवस्थापक
मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरूद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदुषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

## Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.*


There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

साझाकुरा
वेवसाईट
www.
sajhakuranews.com

साझाकुरा
खोजी खोजी
पढौं ।
दैनिक रुपमा
समाचार पढौं ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना